# आ.व. २०८०/०८१ जेठ महिनाको मूल्य विश्लेषण प्रतिवेदन

## १.पृष्ठभूमिः

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मुल्य तथ्याङ्क हो। यो आर्थिक क्षेत्रको एक महत्वपूर्ण औजार हो जसले बजारको अवस्थाको चित्रण गर्दछ। जस्तैः उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाहरूको आवधिक मूल्य, उत्पादकको मूल्य, कृषिजन्य बस्तुहरूको मूल्य, आयात वा निर्यात गरिएका वस्तुहरूको मूल्य, मूल्य सूचाकाङ्कहरू आदि। मूल्य धेरै किसिमका भएपनि आधारभूत मूल्य(Basic Price), उत्पादकको मूल्य(Producers' Price) र उपभोक्ताको मूल्य (Purchasers' Price) मुख्यहुन्।नेपालमा मूल्यसँग सम्बन्धित तथ्याङ्कहरू मुख्यतः नेपाल राष्ट्र बैङ्क र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उत्पादन र प्रकाशन हुने गरेका छन्।नेपाल राष्ट्र बैंकबाट Consumer Price Index (CPI), Wholesale Price Index(WPI), Salary and Wage Rate Index (SWRI) जस्ता तथ्याङ्कहरू प्रकाशन हुने गर्दछन भने राष्ट्रिय तथ्याङ्क कार्यालयबाट औद्योगिक मूल्य (Manufacturer's Price Index and Producer's Price Index), निर्माण सामाग्री मूल्य(IPICS) तथा कृषि उत्पादनको कृषक मूल्य(APPI) सम्बन्धी तथ्याङ्क संकलन र प्रकाशन हुने गरेका छन्।यी निकायहरुबाट प्रकाशित तथ्याङ्कहरु सूचकाङ्कमा मात्र केन्द्रित र वस्तुगत रुपमा मात्र हुने गरेको देखिन्छ।यस परिप्रेक्षमा आम उपभोक्तालाई बजारमा बस्तुको वास्तविक बिक्री मूल्य जानकारी प्रदान गर्ने मूल्य र मूल्यलाई प्रभाव पार्ने अन्य तत्वहरूको पनि समग्र जानकारी एकै स्थानबाट प्रदान गर्न यो प्रतिवेदन तयार गरिएको हो।

उपभोक्ता संरक्षणको क्षेत्रमा अत्यावश्यक वस्तुको मूल्य अनुगमन र विश्लेषण अपरिहार्य मानिन्छ।कुनै वस्तुको आकस्मिक तथा अस्वभाविक मूल्यमा बृद्धि भएमा Price Stabilization Fund Trust बाट उक्त वस्तुको अस्वभाविक मूल्यमा नियन्त्रण गरी उपभोक्ता संरक्षणमा योगदान दिने गरेको पाईन्छ।नेपालको सन्दर्भमा विगतका वर्षहरूमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट उपत्यकाका विभिन्न बजार केन्द्रहरूमा गई मूल्य सूची संकलन गरी चौमासिक रुपमा चौमासिक मूल्य विश्लेषण प्रतिवेदन प्रकाशन गरिने गरीएको थियो।यस आर्थिक वर्ष २०८०/८१ को सुरुवातबाट नेपालभर रहेका वाणिज्य कार्यालयबाट यस विभागमा प्राप्त मासिक औषत मूल्य समेत समावेश गरी बजार मूल्यसँग सरोकार राख्ने सबैलाई मूल्यका अतिरिक्त मूल्यलाई प्रभाव पार्ने अन्य तत्व तथा तथ्याङ्कहरू पनि जानकारी प्रदान गर्ने उद्देश्यसाथ मासिक रुपमा यो प्रतिवेदन तयार गर्ने कार्यको सुरुवात गरिएको छ। यसमा समावेश भएका तथ्याङ्कहरू मध्ये केहि मासिक मूल्य विभाग आफैंले प्राथमिक तथ्याङ्कको रुपमा संकलन गर्नुका साथै यस विभाग अन्तरगतका पाँचवटा वाणिज्य कार्यालयबाट प्रत्येक महिना प्राप्त हुने मूल्य सम्बन्धी विवरण समेत प्राथमिक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ भने यसका अलवा अधिकांश तथ्याङ्कहरू विभिन्न सरकारी निकाय, व्यापार सम्बद्ध संघसंस्था आदिबाट संकलन गरी द्बितियक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ। यो मासिक विश्लेषणले आम उपभोक्ता अधिकारकर्मी, विद्यार्थी, अनुसन्धानकर्ताहरू तथा मूल्यसँग सरोकार राख्नुहुने सम्पुर्ण व्याक्तित्वहरुलाई सहयोगी सिद्ध हुने आशा राखिएको छ।

## २. मूल्यः

"मूल्य" भन्नाले कुनै उत्पादन, वस्तु वा सेवाको मौद्रिक विनिमय लाई बुझाउँछ।बजारमा किन्ने, बेच्ने वा व्यापार गर्ने कुनै पनि वस्तुलाई तोकिएको पैसा वा रकमले मूल्यलाई बुझाउँछ। यसले कुनै चीजको मौद्रिक मानलाई प्रतिनिधित्व गर्नुका साथै खरिदकर्ता र विक्रेताहरू बीचको विनिमय मूल्यलाई प्रतिबिम्बित गर्दछ। मूल्य आपूर्ति र माग, उत्पादन लागत, प्रतिस्पर्धा, बजार प्रवृत्ति, र उपभोक्ता प्राथमिकताहरू सहित विभिन्न कारकहरू द्वारा निर्धारण गरिन्छ।आर्थिक सर्तहरूमा, मूल्यले स्रोतहरू बाँडफाँड गर्न, उपभोक्ता व्यवहार निर्धारण गर्न र बजार गतिशीलतालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ। यसले आपूर्ति र मागलाई सन्तुलनमा राख्ने संयन्त्रको रूपमा काम गर्दछ, साथै उत्पादकहरूलाई स्रोतहरू कुशलतापूर्वक बाँडफाँड गर्नको लागि संकेत गर्दछ।वस्तुको मूल्यले बजार मा उत्पादकहरु र उपभोक्ताहरु को निर्णयहरु लाई प्रभावित गर्ने गर्दछ।

## ३. मूल्यलाई प्रभाव पार्ने तत्वहरूः

बजारमा देखिएका विभिन्न प्रकारका तत्वहरूले मूल्यमा उतार चढाव देखिने गर्दछ।धेरै कारक तत्वहरूले उत्पादन, सेवा, वा वस्तुको मूल्यलाई असर गर्न सक्छ।जसमध्येका केही तत्वहरूको बारेमा यहाँ चर्चा गरिएको छ।

**आपूर्ति र मागः** आपूर्ति र माग बीचको सम्बन्ध मूल्यलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण कारकहरू मध्ये एक हो। यदि माग आपूर्ति भन्दा बढि छ भने बजारमा मूल्य बढ्छ र आपूर्ति माग भन्दा बढि छ भने बजारमा मूल्य घट्छ।

**उत्पादन लागतः** कच्चा माल सामान, श्रम, उत्पादन प्रकृया तथा उत्पादन भएको कूल परिमाणको लागतले वस्तुको मूल्य निर्धारण मा महत्वपूर्ण भूमिका खेल्छ। उच्च उत्पादन लागत भएमा अक्सर उच्च मूल्य हुने गरेको पाईन्छ।

**प्रतिस्पर्धाः** बजारमा प्रतिस्पर्धाको स्तरले मूल्य निर्धारणलाई असर गर्न सक्छ। प्रतिस्पर्धी बजारमा, व्यवसायीहरूले ग्राहकहरूलाई आकर्षित गर्न मूल्य घटाउन सक्छन् भने एकाधिकारवादी वा कम प्रतिस्पर्धी बजारमा सामान्यतया बस्तुको मूल्य बढी रहने गरेको पाईन्छ।

**बजार सर्तहरूः** मुद्रास्फीति, मन्दी, वा आर्थिक वृद्धि जस्ता आर्थिक अवस्थाहरूले उपभोक्ताको क्रय शक्तिलाई प्रभाव पार्न सक्छ जसले गर्दा पनि मूल्यमा प्रत्यक्ष प्रभाव परेको हुन्छ।

**उपभोक्ताका प्राथमिकताहरूः** उपभोक्ताका प्राथमिकताहरू र प्रवृत्तिहरूले निश्चित उत्पादन वा सेवाहरूको मागमा परिवर्तन ल्याउन सक्छ, जसले गर्दा त्यससँग सम्बन्धित वस्तुहरूको मूल्यहरूलाई असर गर्न सक्दछ।

**ब्रान्ड र प्रतिष्ठाः** राम्रोसँग स्थापित ब्रान्ड तथा प्रतिष्ठाले गर्दा उक्त ब्राण्डवाट उत्पादित वस्तु को गुणस्तर को प्रभावका कारणले गर्दा बजारमूल्यमा फरकपन आउने गर्दछ।

**सरकारी नीति, नियम तथा करः** सरकारी तवर बाट जारी गरिएका विभिन्न वाणिज्य तथा उपभोक्ता हित संरक्षण सम्बन्धी नीतिहरू, नियमहरू, राजश्व, कर आदिका कारणले प्रत्यक्ष रूपमा मूल्यहरूलाई असर गर्दछन।

**मुद्रा विनिमय दरः** अन्तर्राष्ट्रिय रूपमा व्यापार गरिएका सामानहरूको लागि, मुद्रा विनिमय दरहरूमा हुने उतार-चढ़ावले आयात र निर्यात मूल्यहरूलाई असर गर्दछ।

**मौसमीताः** केही उत्पादन वा सेवाहरूमा मौसमी मागको उतार चढाव हुन्छ जसले मूल्य निर्धारणलाई असर गर्न सक्छ। उदाहरणका लागि, चाडपर्वको मौसममा बिदा-सम्बन्धित वस्तुहरूको मूल्य बढ्न सक्छ।

**पूँजीको लागतः** ऋण लिने पैसा र ब्याज दरहरूले मूल्य निर्धारण निर्णयहरूलाई प्रभाव पार्न सक्छ, विशेष गरी सामान उत्पादन गर्ने उद्योगहरूको पूँजीको लागतमा हुने घटवढले गर्दा मूल्यमा प्रत्यक्ष असर देखिने गर्दछ।

**प्रविधि को प्रयोगः** प्राविधिक प्रगतिहरूले गर्दा उत्पादन प्रक्रिया र लागतहरूलाई असर गर्न सक्छ, जसले मूल्य निर्धारण रणनीतिहरूलाई समेत प्रभाव गरी मूल्यमा असर गर्न सक्दछ।

**विश्वव्यापी घटनाहरूः** प्रमुख विश्वव्यापी घटनाहरू जस्तै प्राकृतिक प्रकोपहरू, भू-राजनीतिक द्वन्द्वहरू, र महामारीहरूले आपूर्ति शृङ्खलामा बाधा उत्पन्न भई मूल्यमा प्रभाव पुऱ्याउन सक्छन्।

**अनुमानित मूल्यः** उपभोक्ताहरू बीचको उत्पादन वा सेवाको कथित मूल्यले उनीहरूले तिर्न इच्छुक मूल्यलाई प्रभाव पार्न सक्छ। प्रभावकारी मार्केटिङ र ब्रान्डिङले यस धारणालाई प्रभाव पार्न सक्छ।

**बजार विभाजनः** विभिन्न बजार खण्डहरूमा आधारित मूल्यहरू भिन्न हुन सक्छन।एउटै सामानको मूल्य पनि फरक फरक खण्डमा फरक फरक हुने गर्दछ।जस्तै लक्जरी बजारहरू र सस्तो बजारहरू मा पर्ने बस्तुको मूल्यमा हुने फरकपनलाई बजार विभाजनबाट हुने मुल्य भिन्नताको संज्ञा दिन सकिन्छ।

**पेट्रोलियम पदार्थको मूल्यः** पेट्रोलियम पदार्थमा को मूल्यमा हुने उतारचढावले गर्दा बस्तुको ढुवानी मा लाग्ने खर्चमा घटबढ भई लागत खर्चमा प्रभाव पार्ने हुँदा मूल्यमा प्रभाव पार्ने गर्दछ।

**४. उपभोग्य वस्तुको मूल्य नीतिः**

खाद्यान्न लगायतका उपभोग्य वस्तुको मूल्यमा प्रवृद्धि हुँदै जाने बृत्तिलाई नियोजित र नियन्त्रित गर्न नेपाल सरकारले बजार अनुगमनलाई तीब्रता प्रदान गरेको तथ्य सर्वविदितै छ। बजार व्यवस्थापन र मूल्य नियन्त्रण गर्ने सरकारी नीति र कानूनी प्रावधानहरु रहेका छन्।उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सो सम्बन्धी नियमावली, २०७६ मा सरकारको निर्देशन उल्लंघन गर्नेलाई तत्काल कारबाही गर्न सकिने व्यबस्था समेत रहेको कुरा यस प्रसंगमा स्मरणीय छ।उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यबस्था भएअनुसारको वितरण प्रणाली विकास गर्न सरकारी संस्थाहरुको क्षमता बृद्धि गर्दै खाद्यान्न अभाव भएका क्षेत्रको पहिचान गरी आवश्यक खाद्यान्नको आपूर्ति गर्न सरकारले थप श्रोतको व्यवस्था गर्नु पर्दछ।त्यसको लागि भण्डारण क्षमताको वृद्धि गर्दै कम आय भएका तथा विपन्न वर्गको पहिचान गरी अभिलेख तयार गर्नु आवश्यक हुन आउँछ।

नेपालको खाद्यान्न उत्पादन तथा माग र आपूर्तिको विश्लेषण गरी बाह्य स्रोतबाट आयात गर्न, आन्तरिक उत्पादन वृद्धि गर्ने नीति/कार्यक्रम तर्फ ध्यान दिनु पनि आवश्यक छ। यसको लागि कृषि तथा पशुपंछी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय बीचको सहकार्य र समन्वयमा आम बृद्धि गरी यसलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्दछ।

सरकारबाट भएको बजार हस्तक्षेपले यस महिनाको खाद्यान्नको भाउ नियन्त्रण गर्न केही मद्दत मिलेको छ।तसर्थ भविष्यमा उक्त अनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई पनि सक्षम तुल्याउनु पर्छ।तरकारी, फलफूल लगायत खाद्यान्नको सन्दर्भमा उत्पादन मूल्य भन्दा बिचौलिया (Middleman) ले गर्दा चर्को मूल्यबृद्धि भएको पुष्टि हुन आएको छ।जेठ महिनामा चामल, गोलभेंडा, काउली र आलुको मूल्यमा बढी बृद्धि भएको पाईएको छ।यस्ता किसिमका प्रवृतिलाई निरुत्साहित गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक संजाल, साझेदारी जस्ता पद्धतिहरुको विकास गर्नु पनि आवश्यक छ।त्यस्तै मूल्यसूची नराख्ने पसलेलाई तत्काल दण्ड जरीवाना गर्ने व्यवस्था अनुसार जरिवाना गर्नुपर्दछ भने निश्चित मूल्यको व्यवस्था गर्नका लागि थोक बिक्रेताहरूले उपभोक्ता संरक्षणमा ध्यान दिई चर्को मूल्य बृद्धि हुनबाट रोक्न सहयोग गर्नुपनि त्यतिकै अपरिहार्य छ।

यसरी बजारको मूल्य निर्धारण स्वतन्त्र अर्थ-व्यवस्थामा प्रतिस्पर्धाको आधारमा हुने भनिएपनि देशको प्रशासनिक संरचनाले त्यसको लागि नियमन कार्यलाई प्राथमिकताका साथ सम्पादन गरेमा अनियन्त्रित बजारलाई व्यवस्थित गर्न सकिन्छ।वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई त्यस कार्यमा सरकारी निकाय तथा उपभोक्ता संघ/संगठनहरुको सहयोग अपरिहार्य रहेको छ।

**<u>५. मूल्य नियन्त्रण गर्ने उपायहरू:</u>**

बजारमा विभिन्न कारणवाट मूल्यमा परिवर्तन आउने भएपनि सामान्यतया मूल्य मा अधिक उतार चढाव हुनबाट रोक्न तथा असामान्य रुपमा हुने मूल्यवृद्धि तथा कालोबजारी हुन नदिई मूल्य नियन्त्रणका लागि नेपाल सरकारका तर्फबाट विभिन्न नीतिगत, कानूनी संस्थागत तथा व्यवहारिक व्यबस्था भएको छ, जसले गर्दा मूल्य नियन्त्रणमा सरकारको प्रत्यक्ष हस्तक्षेपकारी भूमिका प्रदान गरिरहेको अवस्थामा यसको अलावा देहायबमोजिमका उपायहरू अपनाउँदा अझै मूल्य नियन्त्रणलाई प्रभावकारी बनाउन सकिन्छ।

- वस्तुको उत्पादनलाई बढावा दिने,
- वितरणकारी तहहरू कम गर्ने,
- आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने,
- सिण्डिकेट/कार्टेलिङ्गको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने,
- नियमित बजार अनुगमन कार्य गर्ने।

**<u>६. मूल्य तथ्याङ्कको महत्वः</u>**

हरेक तथ्याङ्कको जस्तै मूल्य सम्बन्धी आधिकारीक तथ्याङ्कको पनि आफ्नै महत्व रहेको छ।मूल्य तथ्याङ्कको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- विभिन्न वस्तु वा सेवाहरूको मूल्यमा आएको आवधिक परिवर्तनलाई मापन गर्न,
- उपलब्ध वस्तु तथा सेवाहरूको अवस्था यकिन गरी व्यापारिक गतिविधिको व्यवस्थापन गर्न,
- मुद्राको क्रय शक्ति क्षमता (Purchasing Power of Parity) मापन गर्न,
- विगत र वर्तमानको तथ्याङ्कबाट भविष्यको मूल्य प्रणाली प्रक्षेपण गर्न,
- आर्थिक नीति निर्माण, योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्न,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा मूल्यको तुलनात्मक अध्ययन गर्न,
- बजार अनुगमनको क्षेत्र पहिचान गर्न, आदि।

यसरी समग्रमा भन्दा मूल्य तथ्याङ्कको आर्थिक क्षेत्रमा अत्यन्त महत्वपूर्ण भूमिका रहेको देखिन्छ। कुनै पनि मुलुकको आर्थिक गतिविधिलाई यसले सूचकको रुपमा दर्शाउने काम गरेको हुन्छ। यस अर्थमा पनि यसले कुनै पनि देशको अर्थ व्यवस्थाको नियमन र नियन्त्रणमा सहयोग गर्दछ।

**७. अत्यावश्यक वस्तुहरूको मासिक मूल्य समिक्षाः**

**७.१ बाणिज्य कार्यालयरूबाट संकलित मूल्य तथ्यांकः**

मासिक रुपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मातहतमा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट २०८० साल जेठ महिनामा संकलन गरिएको मासिक औषत अधिकतम खुद्रा बिक्री मूल्य यसप्रकार रहेको छ।

**तालिका नं.१ : वाणिज्य कार्यालयहरुबाट संकलित बजार मूल्य प्रतिकिलो रू**

| वस्तुको नाम | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज | धनगढी |
|---|---|---|---|---|---|
| जनरल सोना मन्सुली | ७० | ६० | ७७ | ७५ | ७१ |
| स्टिम जिरा मसिनो | ९५ | ८५ | ९५ | ९० | ९२ |
| जनरल जीरा मसिनो | | ८० | ७८ | ७५ | ७८ |
| बास्मती | १८० | १६० | १८० | २०० | १८१ |
| मोटा | ६० | ७३ | ६५ | ७० | ६८ |
| मकै | | १५० | १५५ | १५० | १५२ |
| गहूँ | | ४५ | ५० | ४५ | ४७ |
| आँटा | ७८ | ६० | ६५ | ६० | ६६ |
| मैदा | ७३ | ६० | ७० | ७० | ६९ |
| सूजी | १२५ | ८० | ११० | १२० | १०९ |
| ताईचिन | १२५ | १०० | १२० | १२० | ११७ |
| पातलो | ८० | ८० | ९५ | १०० | ८९ |
| मसुरो(मसिनो) | | १५० | १३५ | १५० | १४६ |
| मसुरो(मोटो) | १४७ | १४० | ११५ | १४० | १३६ |
| मास | १७५ | २०० | १९० | १८० | १८७ |
| रहर पोलिस | | २७० | २७५ | २०० | २४९ |
| रहर ननपोलिस | | २८० | २९० | २१० | २६१ |
| मुंगी खोस्टा भएको | | १८० | २१० | २०० | १९७ |
| मुंगी खोस्टा नभएको | १८० | १६० | २१० | २२० | १९३ |
| चना ठूलो | १४० | १६० | १२० | १०० | १३१ |
| चना मझौला | १४० | १५० | १६० | १०५ | १३९ |
| सेतो केराउ | | १२० | १४० | १२० | १२७ |
| बोडी | १६० | १५६ | १६५ | १५० | १५८ |
| राज्मा/सिमी | २०० | २०६ | २२० | १८० | २०२ |
| काउली चना | | २१० | १६० | २०० | १९१ |
| सानो केराउ | | २०० | १७० | १२० | १६४ |
| हरीयो केराउ | १५० | १८० | १७० | १४० | १६१ |
| भटमास | १८० | १५० | १७० | १६० | १६६ |
| चिनी मोटो | ९८ | ८५ | ९५ | ८५ | ९१ |

| वस्तुको नाम | विराटनगर | विरगंज | भैरहवा | नेपालगञ्ज | धनगढी |
|---|---|---|---|---|---|
| चिनी मसिनो | | ९० | ९५ | ९५ | ९४ |
| तोरी तेल | २२७ | २०० | २०० | ३०० | २३२ |
| भटमास तेल | २०० | २०० | २१० | २२० | २०८ |
| सूर्यमूखी तेल | २०७ | २०० | २१० | २३० | २१२ |
| दुध गाईभैसी | ८० | ९० | ११० | १०० | ९६ |
| दही | १३० | १८० | १८० | १५० | १६१ |
| घ्यू | | ११६६ | १२०० | १३०० | १२२३ |
| पनिर | ८०० | ७५० | ८०० | ८५० | ८०१ |
| आलु (रातो) | ६५ | ५० | ७० | ४० | ५७ |
| आलु (सेतो) | ६३ | ५० | ७० | ३५ | ५५ |
| काऊली | १०० | ८० | ८५ | ५० | ७९ |
| जीरा | ७५० | ७०० | ७०० | १००० | ७८८ |
| धनिया गेडा | १९० | ३८३ | ३०० | २०० | २६९ |
| प्याज | ७० | ७० | ७० | १०० | ७८ |
| अदुवा | ३२० | २५० | २५० | १४० | २४१ |
| लसुन सुकेको | ३०० | २४० | २५० | १५० | २३६ |
| खुर्सानी सुकेको | ४५० | ४०० | ५५० | ६०० | ५०१ |
| खूर्सानी हरीयो | १२५ | १६० | १७० | १०० | १३९ |
| गोलभेंडा | ८० | ८० | ७५ | ५० | ७२ |
| अण्डा(प्रतिगोटा) | १५ | १४ | १८ | १७ | १७ |
| खसी | ११०० | १००० | १००० | ११०० | १०५१ |
| बोईलर कुखुरा | ४०७ | ४०० | ३८० | ४०० | ३९७ |
| केरा | ९३ | १०३ | १०० | ११० | १०२ |
| अनार | ३०७ | ३०६ | ३५० | ३०० | ३१६ |
| स्याउ | ३१० | १६० | ३०० | ३०० | २६८ |
| सुन्तला | ३०० | | ३२० | १८० | २६७ |
| अंगुर | ३१३ | १४६ | २१० | २०० | २१८ |
| माछा (लोकल) | ४०० | ४१६ | ४०० | ३५० | ३९२ |
| माछा (बाहिरको) | ३८० | ४३३ | ४०० | ४०० | ४०४ |

स्रोतः वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू

### ७.२.१ बिभिन्न स्थानबाट संकलित मासिक औषतमूल्यको तुलनात्मक अध्ययनः

**क) चामल**

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये चामलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


चित्र.नं १: चामलको औषत मूल्य प्रतिकिलो रू. मा




**ख) दाल**

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये दालको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


चित्र नं २ : दालको औषत मूल्य प्रतिकिलो रू. मा




### ग) गेडागुडी

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये गेडागुडीको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


**चित्र नं ३ गेडागुडीको औषत मूल्य प्रतिकिलो रू. मा**




**घ) तरकारी/मसला**

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये तरकारी/मसलाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


चित्र नं ४ तरकारी/मसलाको औषत मूल्य रू.मा




**ङ) फलफूल**

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य वस्तुहरु मध्ये मुख्य फलफूलको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।


चित्र नं. ५ : फलफूलको औषत मूल्य रू. मा




**च) माछा, मासु र अण्डा**

यस आ.व. २०८०/०८१ को जेठ महिनामा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा देशका विभिन्न शहरहरूमा रहेका पाँचवटा बाणिज्य कार्यालयहरूबाट संकलन गरिएको अत्यावश्यक खाद्य माछा, मासु र अण्डाको मूल्यमा गरिएको तुलनात्मक स्तम्भ चित्र यसप्रकार रहेको छ।

चित्र नं. ६ : माछा, मासु र अण्डाको औषत मूल्य रू. मा




## ८. फलफूल तथा तरकारीको खुद्रा मूल्यको अवस्था

कालिमाटी फलफूल तथा तरकारी बजार व्यवस्थापन समितिले हरेक दिन त्यस बजारको तरकारी तथा फलफूलको थोक तथा खुद्रा मूल्य प्रकाशन गर्ने गर्दछ। यस विभागले हरेक आईतबारको फलफूल तथा तरकारीको औषत मूल्यलाई यस मूल्य विश्लेषण प्रयोजनका लागि प्रयोग गरेको छ। समीक्षा अवधिको हरेक आईतबारको औषत मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं.२ : तरकारी तथा फलफूलको खुद्रा मूल्य(प्रतिकिलो रू.मा)

| कृषि उपजको नाम | प्रति | जेठ ६ | जेठ १३ | जेठ २० | जेठ २७ | औषत |
|---|---|---|---|---|---|---|
| गोलभेडा ठूलो(भारतीय) | के.जी. | ७१.६७ | ५५.०० | ७५.०० | ५८.३३ | ६५.०० |
| गोलभेडा सानो(लोकल) | केजी | ५५.०० | २७.६७ | २५.०० | १७.६७ | ३१.३४ |
| गोलभेडा सानो(टनेल) | के.जी. | ७५.०० | ४९.६० | ३७.८० | २९.२५ | ४७.९१ |
| गोलभेडा सानो(भारतीय) | के जी | ६५.०० | ३५.०० | | | ५०.०० |
| गोलभेडा सानो(तराई) | के जी | ५५.०० | २७.६७ | | | ४१.३४ |
| आलु रातो | के जी | ५३.३३ | ५५.०० | ५२.३३ | ५२.३३ | ५३.२५ |
| आलु रातो(भारतीय) | के.जी. | ४७.०० | ४७.०० | ४७.०० | ४७.०० | ४७.०० |
| आलु सेतो | के जी | ४२.३३ | ४३.३३ | ४६.०० | | ४३.८९ |
| प्याज सुकेको (भारतीय) | के.जी. | ८२.६७ | ८०.०० | ६७.३३ | ७७.६७ | ७६.९२ |
| गाजर(लोकल) | के.जी. | ६५.०० | ६५.०० | ७०.०० | ६५.०० | ६६.२५ |
| बन्दा(लोकल) | केजी | ४५.०० | ४५.०० | ३५.०० | २४.०० | ३७.२५ |
| काउली स्थानिय | के.जी. | ६५.०० | ६५.०० | ६५.०० | ७०.०० | ६६.२५ |

| कृषि उपजको नाम | प्रति | जेठ ६ | जेठ १३ | जेठ २० | जेठ २७ | औषत |
|---|---|---|---|---|---|---|
| स्थानीय काउली(ज्यापु) | केजी | ७५.०० | ७५.०० | ६५.०० | ७५.०० | ७२.५० |
| सेतो मूला(हाइब्रीड) | के.जी. | ३५.०० | २९.५० | ३५.०० | ३२.६७ | ३३.०४ |
| भन्टा लाम्चो | केजी | ४५.०० | ३५.०० | ३०.०० | ३५.०० | ३६.२५ |
| भन्टा डल्लो | के.जी. | ५५.०० | ४५.०० | ४५.०० | ५५.०० | ५०.०० |
| बोडी(तने) | के.जी. | ९५.०० | ९५.०० | ९५.०० | ९५.०० | ९५.०० |
| मकै बोडी | के.जी. | ९५.०० | | | | ९५.०० |
| मटरकोशा | केजी | १७०.०० | १७०.०० | | | १७०.०० |
| घिउ सिमी(लोकल) | के.जी. | ११५.०० | ८५.०० | ६५.०० | ६५.०० | ८२.५० |
| घिउ सिमी(हाइब्रीड) | के.जी. | ११५.०० | ८५.०० | ६५.०० | ६५.०० | ८२.५० |
| घिउ सिमी(राजमा) | के.जी. | ११५.०० | ११५.०० | १२५.०० | १२५.०० | १२०.०० |
| भटमासकोशा | केजी | ११०.०० | १३५.०० | १३०.०० | ११५.०० | १२२.५० |
| तितो करेला | केजी | ४५.०० | ४५.०० | ३०.०० | ४५.०० | ४१.२५ |
| लौका | के.जी. | ४५.०० | ५५.०० | ४५.०० | ५५.०० | ५०.०० |
| परवर(लोकल) | के.जी. | ९५.०० | ८५.०० | ७५.०० | ८५.०० | ८५.०० |
| परवर(तराई) | के.जी. | ७५.०० | ७५.०० | ६५.०० | ६५.०० | ७०.०० |
| चिचिण्डो | केजी | ५५.०० | ५५.०० | ४५.०० | ४५.०० | ५०.०० |
| घिरौला | के.जी. | ४५.०० | ३५.०० | ३५.०० | ५५.०० | ४२.५० |
| झिगूनी | के.जी. | ५५.०० | ६५.०० | ६५.०० | ६५.०० | ६२.५० |
| फर्सी पाकेको | केजी | ४०.०० | ४०.०० | ४०.०० | ४०.०० | ४०.०० |
| फर्सी हरियो(लाम्चो) | के.जी. | ४५.०० | ४५.०० | ३५.०० | ३५.०० | ४०.०० |
| हरियो फर्सी(डल्लो) | के.जी. | ४५.०० | ४५.०० | ३५.०० | ३५.०० | ४०.०० |
| भिण्डी | के.जी. | ४५.०० | ३५.०० | ३०.०० | ४०.०० | ३७.५० |
| सखरखण्ड | के.जी. | ७५.०० | ७५.०० | ६५.०० | ६५.०० | ७०.०० |
| स्कूस | के.जी. | ५५.०० | | | | ५५.०० |
| रायो साग | के.जी. | ५५.०० | ४५.०० | ४५.०० | ३५.०० | ४५.०० |
| पालूगो साग | के.जी. | १३५.०० | १४५.०० | १५५.०० | | १४५.०० |
| चमसूरको साग | के.जी. | १३५.०० | १३५.०० | १५५.०० | | १४१.६७ |
| तोरीको साग | के.जी. | ३५.०० | ३५.०० | ३५.०० | ३५.०० | ३५.०० |
| मेथीको साग | के.जी. | १३५.०० | १३१.६७ | १५५.०० | | १४०.५६ |
| प्याज हरियो | के.जी. | ११५.०० | ८५.०० | ७५.०० | ८५.०० | ९०.०० |
| च्याउ(कन्य) | के.जी. | १३०.०० | १४६.६७ | १८०.०० | १८०.०० | १५९.१७ |
| च्याउ(डल्ले) | के.जी. | ३२६.६७ | २९६.६७ | २९०.०० | २९०.०० | ३००.८४ |
| कुरीलो | के.जी. | ३२६.६७ | ३२६.६७ | २७६.६७ | २६६.६७ | २९९.१७ |
| न्यूरो | के.जी. | १४५.०० | ११०.०० | ८५.०० | ७५.०० | १०३.७५ |
| ब्रोकाउली | के जी | ९५.०० | ८५.०० | ६५.०० | ९५.०० | ८५.०० |
| चुकुन्दर | के.जी. | ६५.०० | ६५.०० | ६५.०० | ५५.०० | ६२.५० |
| सजिवन | के.जी. | ९५.०० | ९५.०० | ११०.०० | १७६.६७ | ११९.१७ |
| रातो बन्दा | के.जी. | ५५.०० | ५५.०० | ६५.०० | ५५.०० | ५७.५० |
| जिरीको साग | के.जी. | ८५.०० | ८५.०० | १४५.०० | ८५.०० | १००.०० |
| ग्याठ कोबी | के.जी. | ७५.०० | | | | ७५.०० |

| कृषि उपजको नाम | प्रति | जेठ ६ | जेठ १३ | जेठ २० | जेठ २७ | औषत |
|---|---|---|---|---|---|---|
| सेलरी | के.जी. | १४५.०० | १३३.३३ | १४५.०० | १४५.०० | १४२.०८ |
| पार्सले | के.जी. | २७६.६७ | २७६.६७ | २७६.६७ | २७६.६७ | २७६.६७ |
| सौफको साग | के.जी. | १३५.०० | १३०.०० | १५५.०० | १४५.०० | १४१.२५ |
| पुदीना | के.जी. | १७६.६७ | १६६.६७ | १७६.६७ | १४५.०० | १६६.२५ |
| गान्टे मूला | के.जी. | ६५.०० | ७५.०० | ७५.०० | ७५.०० | ७२.५० |
| इमली | के.जी. | १४५.०० | १५५.०० | १५५.०० | १५५.०० | १५२.५० |
| तामा | के.जी. | ११०.०० | ११०.०० | ११०.०० | १०५.०० | १०८.७५ |
| तोफु | के.जी. | १६०.०० | १६०.०० | १६०.०० | १६०.०० | १६०.०० |
| गुन्दुक | के.जी. | २७६.६७ | २७६.६७ | २७६.६७ | २७६.६७ | २७६.६७ |
| स्याउ(फूजी) | के.जी. | ३१६.६७ | ३१०.०० | ३१०.०० | ३१०.०० | ३११.६७ |
| केरा | दर्जन | १२५.०० | १२५.०० | १२५.०० | १३५.०० | १२७.५० |
| कागती | के.जी. | २६०.०० | २४०.०० | २२६.६७ | २४३.३३ | २४२.५० |
| अनार | के.जी. | ३२६.६७ | ३७६.६७ | ३७६.६७ | ३७६.६७ | ३६४.१७ |
| आँप(मालदह) | के.जी. | २३३.३३ | २१०.०० | ११०.०० | ९५.०० | १६२.०८ |
| आँप(दसहरी) | दर्जन | १७०.०० | २१०.०० | ११०.०० | ९५.०० | १४६.२५ |
| आँप(कलकत्ते) | केजी | १७०.०० | १७०.०० | ११०.०० | | १५०.०० |
| अंगुर(हरियो) | के.जी. | १९०.०० | १९०.०० | २७६.६७ | | २१८.८९ |
| तरबुजा(हरियो) | के.जी. | ३५.०० | ४०.०० | ४२.५० | ३७.६७ | ३८.७९ |
| मौसम | के.जी. | १९०.०० | १६०.०० | १५५.०० | | १६८.३३ |
| जुनार | के.जी. | २६६.६७ | २९०.०० | २७६.६७ | २६३.३३ | २७४.१७ |
| भुई कटहर | प्रति गोटा | २१०.०० | १९०.०० | १६६.६७ | १७०.०० | १८४.१७ |
| काक्रो(लोकल) | के.जी. | ५५.०० | ५५.०० | ८५.०० | ७५.०० | ६७.५० |
| काक्रो(हाइब्रीड) | के जी | २५.०० | २५.०० | ३५.०० | ३५.०० | ३०.०० |
| रुख कटहर | के.जी. | ६५.०० | ५५.०० | ४५.०० | ५५.०० | ५५.०० |
| नासपाती(चाइनिज) | के.जी. | २३३.३३ | २५५.०० | २३३.३३ | २३३.३३ | २३८.७५ |
| मेवा(नेपाली) | केजी | ८५.०० | ९५.०० | ८५.०० | | ८८.३३ |
| मेवा(भारतीय) | के.जी. | ७५.०० | ९५.०० | ८५.०० | ८५.०० | ८५.०० |
| किवि | के.जी. | ५७६.६७ | ६२६.६७ | ५७६.६७ | ५७६.६७ | ५८९.१७ |
| आभोकाडो | के.जी. | ५७६.६७ | ६२६.६७ | ५७६.६७ | ५७६.६७ | ५८९.१७ |
| अदुवा | के.जी. | २६३.३३ | २७०.०० | २९०.०० | २९०.०० | २७८.३३ |
| खुर्सानी सुकेको | के.जी. | ४२६.६७ | ४२६.६७ | ४२६.६७ | ४२६.६७ | ४२६.६७ |
| खुर्सानी हरियो | के.जी. | १२५.०० | ९५.०० | ७५.०० | ९५.०० | ९७.५० |
| खुर्सानी हरियो(बुलेट) | केजी | १२५.०० | ११०.०० | ८५.०० | ९५.०० | १०३.७५ |
| खुर्सानी हरियो(माछे) | के.जी | ७५.०० | ६५.०० | ४५.०० | ४५.०० | ५७.५० |
| भेडे खुर्सानी | के.जी | ८५.०० | ६५.०० | ५५.०० | ५५.०० | ६५.०० |
| लसुन हरियो | के.जी | ८५.०० | ७५.०० | ९५.०० | ९५.०० | ८७.५० |
| हरियो धनिया | के.जी. | ११०.०० | १७२.५० | ३२६.६७ | ३२६.६७ | २३३.९६ |
| लसुन सुकेको चाइनिज | के.जी. | २६०.०० | २५५.०० | २५०.०० | २४०.०० | २५१.२५ |
| लसुन सुकेको नेपाली | के.जी. | १९०.०० | १७५.०० | १७५.०० | १९०.०० | १८२.५० |
| छ्यापी सुकेको | के जी | १४५.०० | १४५.०० | १४५.०० | १५५.०० | १४७.५० |

| कृषि उपजको नाम | प्रति | जेठ ६ | जेठ १३ | जेठ २० | जेठ २७ | औषत |
|---|---|---|---|---|---|---|
| छ्यापी हरियो | के जी | १५५.०० | १५५.०० | १५५.०० | १५५.०० | १५५.०० |
| ताजा माछा(रहु) | के.जी. | ३३०.०० | ३३०.०० | ३२५.०० | ३२५.०० | ३२७.५० |
| ताजा माछा(बचुवा) | के.जी. | २४५.०० | २४५.०० | २४५.०० | २४५.०० | २४५.०० |
| ताजा माछा(छडी) | के.जी. | २४५.०० | २४८.७५ | २५०.०० | २४५.०० | २४७.१९ |
| ताजा माछा(मुंगरी) | के.जी. | ३४०.०० | ३४०.०० | ३३५.०० | ३३५.०० | ३३७.५० |
| राजा च्याउ | के.जी. | २९०.०० | ३७३.३३ | २९०.०० | २९०.०० | ३१०.८३ |

स्रोत:kalimatimarket.gov.np/price

### ८.१ समिक्षा अवधिमा उच्च मूल्य परिवर्तन भएका (प्रमुख पाँचवटा) र स्थिर मूल्य कायम रहेका तरकारी तथा फलफूल हरूः

समिक्षा अवधिमा मूल्यमा अत्याधिक उतारचढाव आएका ५ तरकारी तथा फलफूलको न्यूनतम मूल्य, अधिकतम मूल्य र मासिक परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३ : मूल्यमा  उच्च परिवर्तन भएका ५ तरकारी तथा फलफूलहरू**

| क्र.सं | वस्तु | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | गोलभेडा सानो(लोकल) | के.जी | ५५.०० | १७.६७ | ३७.३३ | ६७.८७ |
| २ | हरियो धनिया | के जी | ३२६.६७ | ११०.०० | २१६.६७ | ६६.३३ |
| ३ | गोलभेडा सानो(टनेल) | के जी | ७५.०० | २९.२५ | ४५.७५ | ६१.०० |
| ४ | आँप(मालदह) | के.जी. | २३३.३३ | ९५.०० | १३८.३३ | ५९.२९ |
| ५ | आँप(दसहरी) | के.जी. | २१०.०० | ९५.०० | ११५.०० | ५४.७६ |

**तालिका नं ४:मूल्य स्थिर तथा न्यून परिवर्तन रहेका फलफूल तथा तरकारीहरु**

| क्र.सं | वस्तु | ईकाई | अधिकम | न्यूनतम | परिवर्तन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| १ | आलु रातो(भारतीय) | के.जी. | ४७.०० | ४७.०० | ०.०० | ०.०० |
| २ | बोडी(तने) | के.जी. | ९५.०० | ९५.०० | ०.०० | ०.०० |
| ३ | मकै बोडी | के.जी. | ९५.०० | ९५.०० | ०.०० | ०.०० |
| ४ | मटरकोशा | के.जी. | १७०.०० | १७०.०० | ०.०० | ०.०० |
| ५ | फर्सी पाकेको | के.जी. | ४०.०० | ४०.०० | ०.०० | ०.०० |

### ९. खाद्यबस्तुहरूको थोक मूल्यको अवस्थाः

नेपाल खाद्य किराना व्यबसायी संघ काठमाडौंले नियमित रुपमा यस विभागलाई खाद्य तथा किराना समानहरुको ग्रेड अनुसारको थोक मूल्यसूची उपलब्ध गराउने गर्दछ। सोही मूल्यको आधारमा जेठ महिनाको मूल्य तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५ खाद्य बस्तुहरूको थोक मूल्य (रू.मा)**

| खाद्यबस्तुको नाम | ईकाई | १ नं | २ नं | ३ नं |
|---|---|---|---|---|
| सोनाचामल(लोकल पुरानो) | (प्र ३०के.जी बोरा) | १९५० | १९०० | १८७५ |
| सोना चामल(लोकल नयाँ) | (प्र.३०के.जी. बोरा) | १८५० | १८०० | १७५० |
| सोना चामलस्टिम पुरानो | (प्र.३०के.जी. बोरा) | २१०० | २०५० | २००० |

| खाद्यबस्तुको नाम | ईकाई | १ नं | २ नं | ३ नं |
|---|---|---|---|---|
| जिरा मसिनोनयाँ स्टिम | (प्र.२५के.जी. बोरा) | २३०० | २२५० | २२०० |
| जिरा मसिनो (पुरानो) स्टिम | (प्र.२५के.जी. बोरा) | २३५० | २३०० | २२०० |
| लंगग्रेनचामल | (प्र.२०के.जी. बोरा) | ३४०० | ३३५० | ३१०० |
| मुसुर दाल (विदेशी) | के.जी. | १४० | १३८ | १३५ |
| मुसुर दाल (नेपाली) | के.जी. | १५० | १४५ | १४० |
| मास दाल | के.जी. | २०० | १९५ | १९० |
| मुंगीखोस्टा | के.जी | १६५ | १६० | १५५ |
| मकै | के.जी. | १४५ | १४० | १३० |
| चना (विदेशी) | के.जी. | ११२ | ११० | १०५ |
| रहर दाल (पोलिस) | के.जी. | २५० | २४५ | २३० |
| रहर दाल (ननपोलिस) | के.जी. | २८० | २७० | २५० |
| सेतो भटमास (विदेशी) | के.जी. | १४५ | १३५ | १२५ |
| खैरो भटमास (लोकल) | के.जी. | १७० | १६५ | १३० |
| राजमा (छिर्के) | के.जी. | १३० | १२० | ११५ |
| राजमा (नेपाली) | के.जी. | २५० | २२५ | २१५ |
| चिउरा (मकवानपुरी) | (प्र.२०के.जी. बोरा) | १६०० | १५५० | १५५० |
| चिनी | के.जी. | | | |
| मैदा | (प्र.५०के.जी. बोरा) | ३३०० | ३२५० | ३१५० |
| आँटा | (प्र.५०के.जी. बोरा) | ३२५० | ३२७० | |

स्रोतः नेपाल खाद्य किराना व्यवसायी संघ, काठमाण्डौ

## १०. खाद्य वस्तुको मासिक औषत मूल्यको तुलना

विभाग तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरूबाट संकलित मूल्य अनुसार केही खाद्यवस्तुको मासिक औषत मूल्य रू. मा आएको परिवर्तन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ७ प्रमुख खाद्यवस्तुमा भएको परिवर्तन(प्रतिशतमा)**

| क्र.सं | वस्तुको नाम | ईकाई | बैशाख | जेठ | परिवर्तन(%) |
|---|---|---|---|---|---|
| १ | जनरल सोना मन्सुली | के.जी. | ७२.८० | ७०.६ | -३.०२ |
| २ | स्टिम जिरा मसिनो | के.जी. | ९२.७३ | ९१.३५ | -१.४९ |
| ३ | जनरल जीरा मसिनो | के.जी. | ८१.६७ | ७७.७९१६७ | -४.७५ |
| ४ | बास्मती चामल | के.जी. | १७६.०० | १८०.१ | २.३३ |
| ५ | मोटा चामल | के.जी. | ८०.८३ | ६७.१ | -१६.९८ |
| ६ | मकै | के.जी. | १४८.७५ | १५१.७९१७ | २.०४ |
| ७ | गहूँ | के.जी. | ४३.७५ | ४६.७९१६७ | ६.९५ |
| ८ | आँटा | के.जी. | ६५.१३ | ६५.८५ | १.१० |
| ९ | मैदा | के.जी. | ६९.०० | ६८.३५ | -०.९४ |
| १० | सूजी | के.जी. | ९९.२० | १०८.८५ | ९.७३ |
| ११ | ताईचिन | के.जी. | ११४.६६ | ११६.३५ | १.४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | पातलो चिउरा | के.जी. | ८७.६० | ८८.८५ | १.४३ |
| १३ | मसुरो(मसिनो) | के.जी. | १४६.६७ | १४५.१२५ | -१.०५ |
| १४ | मसुरो(मोटो) | के.जी. | १३५.०० | १३५.६ | ०.४४ |
| १५ | मास दाल | के.जी. | १५८.५२ | १८६.३५ | १७.५६ |

स्रोतः बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

प्रस्तुत तालिका अनुसार गत महिनासँग तुलना गर्दा यस महिना अधिकांश वस्तुको मुल्यमा सामान्य बृद्धि आएको देखिन्छ।मास दालको को मूल्यमा अत्याधिक १७.५६% मूल्यवृद्धि रहेको, मोटा चामलको मूल्यमा सबैभन्दा वढी -१६.९८% को गिरावट भएको तथा तुलना गरिएका कुनैपनि वस्तुको मूल्य स्थिर नरहेको देखिन्छ।

## ११. मूल्यलाई प्रभाव पार्ने तत्वहरुः

मूल्य आफैमा परिवर्तनशील तत्व होईन। कुनै पनि वस्तुको मूल्यलाई मूख्यतः वस्तुको माग र आपूर्तिले प्रभाव पार्ने गर्दछ। माग र आपूर्तिको अतिरिक्त वस्तुको मूल्यलाई इन्धनको मूल्य, विदेशी मुद्रा विनिमय दर आदि तत्वहरूले प्रभाव पार्दछ। ती मध्ये समिक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन तथा अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तनको बारे तल प्रस्तुत गरिएको छ।

### १२.१ पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन

` वस्तुको मूल्यलाई प्रभाव पार्ने तत्व मध्ये इन्धन अर्थात पेट्रोलियम पदार्थ पनि एक महत्वपूर्ण अबयव हो। यस समिक्षा अवधिमा पेट्रोलिय पदार्थको मूल्यमा दुई पटक परिवर्तन भएको देखिन्छ।सो अवधिमा मूल्यमा भएको परिवर्तन तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ः पेट्रोलियम पदार्थको मूल्य (रू.मा)**

| मिति | पेट्रोल | डिजेल | मट्टितेल | ग्यास | एविएशन फ्यूल(ड्यूटी) | एविएशन फ्यूल (ड्यूटीफ्री) |
|---|---|---|---|---|---|---|
| असार ३ | १७२ | १६० | १६० | १९१० | १३६ | १०३५ |
| जेठ १८ | १६८ | १५३ | १५३ | १९१० | १३७ | १०४२ |
| जेठ २ | १७१ | १५४ | १५४ | १९१० | १३७ | १०४२ |

स्रोतः www.noc.org.np/retailprice

### १२.२ अमेरिकी डलरको विनिमय दरमा भएको परिवर्तन

मूल्यलाई प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्वमा विदेशी मुद्रा विनिमय दर पनि एक हो। विदेशी मुद्राको तुलनामा नेपाली पैसा कति बलियो छ अर्थात विदेशी मुद्रा खरिद गर्न नेपाली कति रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ, सो कुराले मुख्यतः आयातित वस्तुको मूल्य घटबढ असर गर्दछ। समिक्षा अवधिको १ अमेरिकी डलरको विनिमय दर (खरिद तथा बिक्री दर) तलको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका नं. ९ एक अमेरीकी डलरको विनिमय दर (रू.मा)**

| मिति | खरिद दर | बिक्रि दर |
|---|---|---|
| जेठ ६ | १३३.०४ | १३३.६४ |
| जेठ १३ | १३२.६६ | १३३.२६ |
| जेठ २० | १३३.२५ | १३३.८५ |
| जेठ २७ | १३३.१० | १३३.७० |
| असार २ | १३३.४० | १३४.०० |

स्रोतःwww.nrb.org.np/forex

यस अवधिमा जेठ ६ गते १ अमेरिकी डलर को खरिद दर रू १३३.०४ तथा बिक्रीदर रू १३३.६४ रहेकोमा असार २ सम्म आइपुग्दा ०.६७% वृद्धि भई १ अमेरीकी डलरको खरिद दर रू १३३.४० तथा बिक्री दर रू १३४.०० कायम भएको देखिन्छ। समिक्षा अवधिमा अमेरिकी डलरको विनिमयदरमा सामान्य उतार चढाव भएको देखिन्छ यसले गर्दा वस्तु तथा सेवाको मुल्यमा समान्य प्रभाव परेको देखिन्छ।

**चित्र नं ७: अमेरीकी विनिमय दरको उतार चढाव**




### १२.३ उत्पादन लागत तथा पूँजीको लागत अवस्था

यस महिनाको समिक्षा अवधिमा अमेरीकी डलरसँगको विनिमय दरमा बृद्धि भई नेपाली रुपैयाँको अवमूल्यन हुनु, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दरमा वृद्धिले गर्दा उत्पादन लागतमा सामान्य वृद्धि भएको छ। त्यस्तै बैंकको ब्याजदरमा हुने परिवर्तनले समेत लागत मूल्यमा परिवर्तन भई प्रभाव परेको देखिन्छ। यस महिना बैङ्कको ब्याजदर गत महिनासँगको तुलनामा स्थिर रहेको पाईएको छ।

### १२.४ समसामयिक घटनाक्रमहरू

हालको समिक्षा अवधिमा गर्मीको प्रभाव तथा चाडपर्वको मौसम समेत नभएकोले वस्तुको मागअनुसार आपूर्ति हुँदा धेरैजसो वस्तुको मूल्यमा स्थिरता भएको तर विगतको समयमा बढेको मूल्य अपेक्षित घट्न सकेको देखिदैन। गर्मीको कारण तरकारीजन्य वस्तु कुहिने र भण्डारण गर्दा समेत लागत वढ्ने भएकोले मूल्यवृद्धिको लागि सामान्य प्रभाव परेको देखिन्छ। त्यस्तै विगतमा रुस र युक्रेनमा भएको द्वन्दको प्रभाव समेत नेपाली बजारमा हालसम्म पनि निरन्तर रुपमा परेको देखिन्छ। यसले गर्दा आयातित खानेतेलको मूल्यमा प्रत्यक्ष वृद्धि भएको छ। साथै भारत सरकारले विभिन्न वस्तुमा लगाउने करको दरमा गरेको परिवर्तन, २०२३ जुलाई २० को निर्यात प्रतिवन्धले समेत नेपाली बजारमा खाद्यान्न, प्याज लगायतका वस्तुमा प्रभाव समेत रहिरहेको देखिन्छ। अण्डाको मूल्यमा तिव्र वढोत्तरी भएको देखिन्छ।

## १२. सारांश

- आ.व. २०८०/०८१ को जेठ महिनामा संकलन गरिएका अत्यावश्यक वस्तुहरूको मूल्य सूचीको विश्लेषण गर्दा यस महिना अधिकांश वस्तुको मुल्यमा बृद्धि भएको देखिन्छ। देखिन्छ।मास दालको को मूल्यमा अत्याधिक १७.५६% मूल्यवृद्धि रहेको, मोटा चामलको मूल्यमा सबैभन्दा वढी -१६.९८% को गिरावट भएको तथा तुलना गरिएका कुनैपनि वस्तुको मूल्य स्थिर नरहेको देखिन्छ।
- यस महिनाको समिक्षा अवधिमा अधिकांश मौसमी तरकारी तथा फलफूलको मूल्य घटेको देखिन्छ। केही तरकारीको मूल्य बढेको देखिन्छ। यसका साथै तरकारीको मूल्यमा स्थिरता कायम नरहेको पनि देखिन्छ अर्थात तरकारीको मूल्यमा उच्चउतार चढाव रहेको देखिन्छ।
- खाद्यान्नजन्य वस्तु उत्पादन हुने समयमा मूल्यवृद्धि अपेक्षित घट्न नसकेको अवस्थालाइ नियमन गर्न विभागले प्रचलित कानूनको अधिनमा रही नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने हुन्छ।सोहीअनुसार विभागको आपूर्ति, अनुगमन तथा उपभोक्ता संरक्षण शाखाबाट निरन्तर अनुगमन भईरहेको छ।
- मूल्यलाई प्रभाव पार्ने तत्वहरू मध्ये पेट्रोलियम पदार्थको मूल्य अध्ययन गर्दा यस महिना डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रू १ तथा पेट्रोल प्रतिलिटर रु ३ ले घटेको, एल.पी. ग्यास तथा एविएशन टर्वाईन फ्यूलको मूल्य स्थिर देखिएको हुँदा वस्तुको ढुवानी लागतमा गिरावट भएतापनि वस्तुको तीव्र माग नभएतापनि यस महिनाको मूल्यमा अपेक्षित गिरावट हुन सकेको छैन।
- मूल्यलाई प्रभाव पार्ने अर्को तत्वमा विदेशी मुद्राको विनिमय पनि एक हो। यस महिना अवधिमा अमेरिकी डलरको मूल्य तुलनात्मक रुपमा सामान्य बढेको देखिन्छ।यस महिनाको सुरुवातमा १ अमेरिकी डलरको मूल्य बराबर बिक्रि दर रू. १३३.६४ रहेकोमा अन्तमा बिक्रि दर रु. १३४.०० पुगेको देखिन्छ।विदेशी मुद्राको विनिमय दरमा वृद्धि हुँदा प्रतीतपत्र जारी गरी तेस्रो मुलुकबाट अत्यावश्यक खाद्यान्न तथा अन्य वस्तुहरुको आयात मुल्यमा उतारचढाव आई लागत घट्ने हुन्छ।फलस्वरुप वस्तुको खरिद लागत घट्न गई उपभोक्ताले सस्तोमा बस्तु प्राप्त गर्नुपर्नेमा सामान्य मूल्यवृद्धिको सामना गर्नुपर्ने अवस्था सृजना भएको छ।

## १३. <u>मूल्य विश्लेषणको आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संसक्षण विभागले चाल्नुपर्ने कदमहरूः</u>

बजारमूल्य मा हुने अत्याधिक उतार चढाव तथा कालोबजारी नियन्त्रणका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले साथै सरोकारवालाहरूले देहायका कदमहरू अवलम्बन गर्दा मूल्य नियन्त्रण तथा उपभोक्ता संरक्षण थप प्रभावकारी हुने देखिन्छ।

- ✓ उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित ऐन, नियम, निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन गर्ने,
- ✓ बजार अनुगमन सघन, नियमित, प्रभावकारी एवं प्रदर्शनीय प्रभाव पार्नेगरी सम्पादन गर्ने,
- ✓ सूचनाका आधारित बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने,
- ✓ वस्तु र सेवाको उत्पादन भएको श्रोत, आयात विन्दु देखिनै मूल्यको विश्लेषण गरी विभिन्न तह हुँदै उपभोक्ता सम्म पुग्दाको मूल्य यथार्थपरक रहे/नरहेको विश्लेषण गर्ने,
- ✓ पैठारी, उत्पादन तथा विक्री वितरण गरिने हरेक वस्तुमा अधिकतम खुद्रा मूल्य (MRP)अनिवार्य अंकित गर्ने,
- ✓ सिन्डिकेट, कार्टेलिङ, कालोबजारी जस्ता अपराध माथि शुन्य सहनशीलता अपनाई तुरुन्त कारवाहिको दायरामा ल्याई स्वच्छ, मर्यादित र उपभोक्तामैत्री बजार स्थापना गर्ने,
- ✓ पैठारीकर्ता, उत्पादक, वितरक तथा उपभोक्ता सबैले आ-आफ्नो कर्तव्य, दायित्व र अधिकारको परिपालना गर्ने,
- ✓ आम उपभोक्ताहरुमा उपभोक्ता संरक्षण र अधिकारको विषयमा सचेतना फैलाउन विविध चेतनामूलक कार्यक्रम संचालन गर्ने,
- ✓ विभागले आपूर्ति व्यवस्थापनको सूचना चुस्त, दुरुस्त राख्न सूचना प्रविधिको महत्तम उपयोग गर्ने,

- ✓ बजारको तह तथा वितरणका तहहरू निर्धारण गर्ने, तहहरूलाई यथासम्भव घटाउने,
- ✓ वस्तुको आयातमा निर्भर हुनुपर्ने वर्तमान अवस्थालाई न्यून गर्न उत्पादनमा जोड दिने,
- ✓ उपभोक्ता संरक्षणका क्षेत्रमा कार्य गर्ने संघ संस्था, उद्योगी व्यवसायी, वितरक र विभागबीच निरन्तर समन्वय, सहकार्य र अन्तरक्रिया गरी बजारलाई स्वच्छ, मर्यादित र मूल्य नियन्त्रण गर्न एकिवद्ध भएर कार्य गर्ने,
- ✓ तथ्यांकहरू नियमित संकलन, तथ्यांकको वैधता परिक्षण, प्रशोधन गरि नियमित रुपमा प्रकाशन गर्ने, उपभोक्तालाई सूसुचित गराउने तथा तथ्यमा आधारित नीति निर्माणलाई जोड दिने,
- ✓ उपभोक्ता संरक्षणसंग सम्बन्धित सवै सरकारी निकायहरुको नियमित समन्वय, छलफल र बैठक गरि कृतिम अभाव, मूल्य वृद्धि, न्यून विजकीकरण, कालोबजारी नियन्त्रण लगायतका कार्य नियन्त्रण गर्न सहकार्य गर्ने।

**सन्दर्भग्रन्थ सूची**


- ➢ अत्यावश्यक वस्तुहरुको चौमासिक मूल्य विश्लेषण, दोस्रो चौमासिक २०७९/०८०, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बबरमहल, काठमाडौं।
- ➢ उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६, नेपाल कानून किताब व्यवस्था समिति।
- ➢ बजार अनुगमन निर्देशिका, २०७९, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- ➢ https://kalimatimarket.gov.np/price
- ➢ https://www.nrb.org.np/forex/
- ➢ www.noc.org.np/retailprice
- ➢ www.kbsnepal.org.np
- ➢ http://www.dairydev.com.np/


*** धन्यवाद ***